मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १६ गते शुक्रबार (Friday, 30 January. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सेनाको मुख्यालय अगाडि बम राखिएको हल्ला गरेपछि..

**काठमाडौँ, माघ १५।** सैनिक हेडक्वार्टर जङ्गी अड्डा अगाडि 'बम राखिएको छ' भनेर हल्ला फैलाएको आरोपमा जुद्धबहादुर सिंहलाई प्रहरीले पक्राउ गरेको छ।

सल्यान घर भएका सिंहले जङ्गीअड्डा अगाडि पेट्रोल पम्पमा झोलामा बम रहेको हल्ला फैलाएका थिए। त्यसपछि उनलाई सैनिक प्रहरीले नियन्त्रणमा लिएर जिल्ला प्रहरी परिसर काठमाडौँलाई बुझाएको हो। उनले भनेको झोला खोलेर हेर्दा त्यसमा इँट्टा राखेको भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसएसपी रमेश थापाले

*(बाँकी अन्तिम पृष्ठमा)*



**हिउँले ढाकेको मुक्तिनाथ मन्दिरः** समुद्री सहतदेखि तीन हजार ७४९ मिटर उचाइमा रहेको मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१स्थित हिउँले ढाकेको मुक्तिनाथ मन्दिर र आसपासका क्षेत्र, हिउँ अझै पग्लिएको छैन्। रासस

## निर्वाचनमा नेपालमै उत्पादित सामग्री प्रयोग

**काठमाडौँ, माघ १५।** निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको छ।

निर्वाचनलाई मितव्ययी, पारदर्शी बनाउन र स्थानीय सामग्रीको प्रयोग तथा प्रोत्साहनका लागि आयोगले सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको हो। निर्वाचनका लागि कूल ५१ सामग्री प्रयोग हुने र हाल ३७ प्रकारका सामग्री विकेन्द्रीकृत रूपमा प्रदेश र जिल्लाबाट खरिद भई प्रयोग गराउने गरी प्रबन्ध गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

केन्द्रस्तरबाट १४ प्रकारका सामग्री खरिद हुने र अधिकांश खरिदका लागि 'जिटुजी' अवधारणा अनुसार साल्ट ट्रेडिङ कम्पनीलाई जिम्मेवारी दिइएको छ। निर्वाचनका लागि रु छ करोड ७५ लाखको मात्र नयाँ सामग्री खरिद गरिएको र अन्य सामग्री पुरानै (स्टक) लाई पुनः प्रयोगमा ल्याइएको उनले बताए।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि उम्मेदवारीको मनोनयनपत्र दर्ता, दावी विरोध र निर्वाचन चिन्ह प्रदानको कार्यक्रम सम्पन्न भइसकेको छ।

यसैबीच गृहमन्त्री ओमप्रकाश अर्यालले सरकारले निर्वाचन सुरक्षा मजबुत बनाई भयमुक्त वातावरण निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई काम गरिरहेको बताएका छन्।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा



सदस्य निर्वाचनको तयारीबारे भइरहेको गतिविधिका बारेमा जानकारी लिन विहीवार निर्वाचन आयोग पुगेका उनले शान्ति सुरक्षा बिथोल्न खोज्ने जो कोहीलाई कडाभन्दा कडा कारबाही गर्न सरकार कटिबद्ध रहेको बताए।

मतदाता, राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी एवम् सुरक्षाकर्मीलगायत सरोकार भएका सबैको सुरक्षाको भरपर्दो व्यवस्था मिलाएको गृहमन्त्री अर्यालले जानकारी गराए। यसका लागि मन्त्रालयले निर्वाचन कार्यतालिकासँग तालमेल हुने गरी सुरक्षा योजना बनाई काम गरिरहेको उनको भनाइ छ। आपराधिक तथा निर्वाचन बिरोधी गतिविधि उपर शून्य सहनशीलताको नीति अवलम्बन गरी कार्य गर्न स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुखहरुलाई निर्देशन दिइसकिएको छ- उनले भने।

छलफलका क्रममा कार्यवाहक प्रमुख निर्वाचन

*(बाँकी अन्तिम पृष्ठमा)*

### कर्मचारीलाई स्पष्टीकरण

**झापा, माघ १५।** निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दलका उम्मेदवारको प्रचार-प्रसार गर्ने यहाँका सरकारी कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले स्पष्टीकरण सोधेको छ।

तीन जना कर्मचारीलाई स्पष्टीकरण सोधेको सहायक निर्वाचन अधिकृत उज्ज्वल न्यौपानेले जानकारी दिए। दलका उम्मेदवारको सामाजिक सञ्जालमार्फत प्रचार गर्दै भोट मागेको उजुरीका आधारमा उनीहरुमाथि स्पष्टीकरण सोधिएको जनाइएको छ।

कर्मचारीको नाम भने खुलाइएको छैन। ती कर्मचारीलाई लिखित स्पष्टीकरण लिएको उनको भनाइ छ। आचारसंहिता विपरीत गतिविधि पुनः दोहोऱ्याएमा कडा कारबाही गरिने सहायक

*(बाँकी अन्तिम पृष्ठमा)*

## बिर्तामोडको पञ्चकन्याबाट १९ लाख चोरी

**झापा, माघ १५।** झापाको बिर्तामोड नगरपालिका-१ पञ्चकन्या प्लटिङमा बुधवार राति एउटा घरबाट लाखौँको धनमाल चोरी भएको छ।

स्थानीय पुनमदेवी साहको घरलाई निशाना बनाउँदै चोरले सुन तथा चाँदीका विभिन्न गरगहना र नगदसहित करिब १९ लाख रूपैयाँ बराबरको सम्पत्ति लुटेर लगेका छन्। राति चोरले धनमाल चोरेर फरार भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ। बिहान मात्र चोरी भएको थाहा पाएपछि पीडित परिवारले प्रहरीलाई खबर गरेका थिए। घटना लगत्तै पुगेको प्रहरी टोलीले मुचुल्का तयार गरी अनुसन्धान अगाडि बढाएको छ। चोरीमा संलग्न व्यक्तिहरू हाल फरार रहेकाले उनीहरूको खोजी कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ।

## बालबालिकालाई सामाजिक सञ्जाल चलाउन प्रतिबन्ध

**काठमाडौं, माघ १५।** भारतीय राज्य आन्ध्र प्रदेशमा अनलाइन लत र दुर्व्यवहारका विषयमा विश्वव्यापी रूपमा चिन्ता बढ्दै जाँदा सामाजिक सञ्जाल प्रयोग गर्ने बालबालिकामाथि प्रतिबन्ध लगाउने तगारी अधिकारीहरूले गरिरहेको जनाइएको छ।

दक्षिणी राज्य आन्ध्र प्रदेशका सूचना प्रविधि मन्त्री नारा लोकेशले सामाजिक सञ्जालप्रति विश्वास बिग्रँदै गएको बताउदै बालबालिकाहरूले यसको अधिक प्रयोगमा समय खर्चिरहेको बताएका छन्। सरकारले बालबालिकाहरुलाई सामाजिक सञ्जालमा प्रतिबन्ध गर्ने निर्णय उनले सामाजिक सञ्जाल एक्समा विज्ञप्ति जारी गर्दै बताएका छन्। अधिकारीहरूले उमेर-उपयुक्त पहुँच लागू गर्न कानूनी उपकरणहरूमा अध्ययनको आदेश दिएको उनले जनाएका छन्।

सरकारी तथ्याङ्क अनुसार विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र भारतमा लगभग एक अर्ब इन्टरनेट प्रयोगकर्ताहरू छन् जसमा सबै शहर र ९५ प्रतिशत गाउँहरू जोडिएका छन्।

आन्ध्र प्रदेशका अधिकारीहरूले मेटा, गुगल, एक्स र सेयरच्याट लगायत प्रमुख प्लेटफर्महरूलाई विश्वव्यापी उत्तम अभ्यासहरू बारे छलफल गर्न र मूल्याङ्कन गर्न सुझाएको लोकेशले बताए।

## खेल पर्यटनको केन्द्र बन्दै 'गल्फ कोर्स'

**सुनसरी, माघ १५।** धरानमा सञ्चालनमा रहेको एक मात्र 'गल्फ कोर्स'ले पछिल्लो समय गल्फ खेलाडीको ध्यान तान्न थालेको छ।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसरभित्र रहेको यो गल्फ कोर्स हाल गल्फप्रेमीहरूको मुख्य खेल केन्द्र नै बन्दै गएको छ। यहाँ इटहरी, विराटनगर, बर्दिबासलगायत पूर्वी क्षेत्रका खेलाडी मात्र होइन, पोखरा, काठमाडौँ र साथै यहाँ देश तथा विदेशी खेलाडीसमेत आउन थालेका छन्।

यसले धरानमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेको धरान गल्फ क्लबका अध्यक्ष हरिबहादुर राईले बताए। उनका अनुसार हाल यहाँ इङल्यान्ड, इटाली, फ्रान्स, अस्ट्रेलिया, सिङ्गापुर र युकेबाट पर्यटकहरू गल्फ खेल्न धरान आउने गरेका छन्।

धरान गल्फ क्लबमा ८० जना सदस्य छौँ। हाल दैनिक एक सयभन्दा बढी खेलाडी विभिन्न स्थानबाट गल्फ खेल्न आउने गरेका छन्। सन् १९६२मा स्थापना भएको यो गल्फ कोर्सले स्थानीयस्तरमा खेलाडी उत्पादन गर्न पनि महत्वपूर्ण योगदान दिँदै आएको छ- अध्यक्ष राईले भने।

सुनसरी गल्फ संघका अध्यक्ष तथा सिङ्गल ह्यान्डिक्याप खेलाडी जीतेन्द्र राईले विगतमा गल्फबारे जानकारीको अभावका कारण खेलाडीको संख्या कम रहे पनि पछिल्लो समय आकर्षण बढ्दै गएको बताए। गल्फ खेल्न सजिलो छैन, सिक्न समय लाग्छ, तर यो 'जिरो इञ्जुरी' खेल भएकाले अहिले धेरैको चासो बढेको छ- उनले भने- मैले स्वास्थ्यका लागि शुरु गरेको यो खेल हाल जीवनको हिस्सा बनेको छ।

अध्यक्ष राईका अनुसार धरान गल्फ कोर्स नेपालमै उत्कृष्ट खेलाडी उत्पादन गर्ने अग्रणी संस्था बन्दै गएको छ। उनले भने- पछिल्लो समय गल्फ खेल खेलाडीहरूका लागि आयआर्जनको माध्यमका रूपमा विकास हुँदै गएको छ। मैले पनि धेरै टुर्नामेन्टमा भाग लिएर सम्भावना छ भनेर उदाहरण पेश गरिरहेको छु। अरु पनि त्यो बाटोमा अगाडि बढिरहेका छन्।

धरानमा ब्रिटिस क्याम्प स्थापना भएपछि सन् १९६२ मा क्याम्प परिसरमै १८ होलको गल्फ कोर्स निर्माण गरिएको थियो। धरान 'लाहुरेको सहर' भनेर पनि चिनिन्छ। ब्रिटिस संस्था 'नोफिल गिफ्ट' ले स्थापना गरेको यो गल्फ कोर्स सन् १९६२मा ब्रिटिस लाहुरेलाई हस्तान्तरण गरिएको गल्फ क्लबका सदस्य राजु राईले बताए। सन् १९८९ जुलाईमा ब्रिटिस लाहुरेले क्याम्प छोडेपछि गल्फ कोर्स विस्थापित भएको थियो। पछि स्थानीयको बढ्दो चासो र सहयोगका कारण नयाँ सदस्य बनाएर पुनः सञ्चालनमा ल्याइएको हो- उनले भने।

नेपालमा गल्फ कोर्स सीमित छन्। पूर्वी नेपालमा धरानमै मात्र रहेको यो गल्फ कोर्सलाई 'पूर्वको गहना' का रूपमा लिइन्छ। यहाँ न्यूनतम शुल्कमा गल्फ खेलाइँदै आएको बताउँदै राईले गल्फको विकासका लागि सरकारले ध्यान आवश्यक रहेको बताए।

गल्फ खेल शान्त रूपमा खेलिने भएकाले यसलाई 'माइन्ड गेम' समेत भनिन्छ। खेलाडीका अनुसार यसले शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ। ढाड दुख्ने, जोर्नी तथा नसासम्बन्धी समस्या भएका व्यक्तिका लागि यो खेल लाभदायी मानिन्छ। गल्फ खेल्न उमेरको हदबन्दी नहुने भएकाले सबै उमेर समूहका लागि उपयोगी हुने खेलाडीको भनाइ छ।

## जसले सुन लुट्दा कानै चुँडाइदिए



**काठमाडौं, माघ १५।** काठमाडौंको मूलपानी क्षेत्रमा लुटपाटमा संलग्न समूहलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले गोली चलाएको छ।

बुधबार राति भएको कारबाहीमा गोली लागेर एकजना घाइते भएका छन्। त्यहाँबाट १० जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाले बताए।

उनका अनुसार लुटपाट गर्न हिँडेको समूहलाई नियन्त्रणमा लिन खोज्दा प्रहरीमाथि आक्रमणको प्रयास भएपछि गोली प्रहार गरिएको थियो। प्रहरीको गोली लागेर विनय तामाङ घाइते भएका छन्। उनको उपचार भइरहेको छ। प्रहरीका अनुसार पछिल्लो तीन महिनादेखि काठमाडौंका विभिन्न स्थानमा रातको समयमा २ देखि ३ वटा मोटरसाइकलमा ३-३ जना सवार भई सुनका गरगहना, नगद र मोबाइल लुटपाट गर्ने संगठित गिरोह सक्रिय थियो।

यो समूहले रातको समयमा लुटपाट मच्चाउँदा पीडितहरूलाई कुटपिटसमेत गर्ने गरेका थिए। उनीहरूले सुन लुट्ने क्रममा केही सर्वसाधारणको कान समेत चुँडाइदिएका खुलेको छ। प्रहरीले त्यसरी कान नै चुँडिएका पीडितको तस्वीर समेत सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौं, प्रहरी वृत्त स्वयम्भू, गौशाला र बौद्धबाट खटिएको संयुक्त टोलीले काठमाडौंका विभिन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## वीरता जेसीजः ४५औं पदहस्तान्तरण तथा पुरस्कार वितरण

**झापा, माघ १५।** वीरता जेसीजको ४५औँ पदहस्तान्तरण तथा पुरस्कार वितरण समारोह विहीवार सम्पन्न भएको छ।

वीरता जेसीज सन् २०२५का अध्यक्ष युवराज कुँवरको अध्यक्षता तथा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष जीवन कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वर्ष २०२६का लागि अध्यक्ष लोकचन्द्र श्रेष्ठ(एलसी)सहित नयाँ कार्य समितिलाई पद हस्तान्तरण गरिएको हो। सन् २०२५का अध्यक्ष कुँवरको गलामा रहेको चेन सन् २०२६का अध्यक्ष श्रेष्ठको गलामा पहिऱ्याउँदै पद हस्तान्तरण गरिएको थियो।

त्यस अवसरमा वीरता जुनियर जेसीजको समेत पद हस्तान्तरण गरिएको छ।

समारोहमा विभिन्न विधाका पुरस्कार वितरण तथा सम्मान प्रदान गरिएको थियो। दमन्ता रिमाल स्मृति उत्कृष्ट जेसीज पुरस्कार-२०२५ संघ-संस्था समन्वय संयोजक भूपेन्द्र भण्डारीलाई प्रदान गरिएको छ। पुरस्कारका संस्थापक बसन्त रिमालले



नगदसहितको पुरस्कार घोषणा तथा प्रदान गरेका छन्।

त्यसैगरी मदन ढकाल स्मृति वीरता जेसीज उत्कृष्ट पत्रकारिता पुरस्कार-२०२५ पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारी र बिर्तामोड झापा डटकमका सञ्चालक टीकाराम बाँस्तोलालाई संयुक्त रूपमा प्रदान गरिएको छ। त्यस्तै स्व. दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्वअध्यक्ष पुरस्कार-२०२५ घनश्याम चौधरी (अध्यक्ष-२०२३)लाई प्रदान गरिएको छ। उक्त दुबै पुरस्कार अक्षयकोषसहित सन् २०१८मा तत्कालीन अध्यक्ष एकराज गिरीको कार्यकालमा स्थापना भएको थियो।

कार्यक्रममा वर्ष २०२५का अध्यक्ष कुँवरले उत्कृष्ट जेसीज अवार्ड-२०२५ उपाध्यक्ष अजयकुमार चौधरीले ग्रहण गरेका छन्।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष एकराज गिरीलाई विशेष सम्मान प्रदान गरियो। जेसीज अभियानमा दीर्घकालीन योगदान पुऱ्याउँदै वीरता जेसीजलाई राष्ट्रियस्तरमा उत्कृष्ट शाखाका रूपमा चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै वीरता जेसीज सन् २०१८का अध्यक्ष, नेपाल जेसीज सन् २०१९का राष्ट्रिय तालिम आयुक्त तथा वीरता जेसीज सन् २०२५का प्रमुख सल्लाहकार गिरीलाई विशेष सम्मान प्रदान गरिएको थियो। सम्मानित गिरी नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष र पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक हुन्।

निर्वाचन अधिकृत तथा निवर्तमान अध्यक्ष विकास बस्नेतले वीरता जेसीज र वीरता जुनियर जेसीजको कार्यसमितिको घोषणा गरेका थिए।

त्यसैगरी वीरता जेसीज वर्ष २०२६को अध्यक्षमा लोकचन्द्र श्रेष्ठले आफ्नो कार्यसमितिका

*(बाँकी अन्तिम पृष्ठमा)*

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

BIRTAMODE EYE HOSPITAL

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

# अनेकतामा एकताः बाल्मीकिमा सांस्कृतिक कार्यक्रम




**झापा, माघ १५।** 'अनेकतामा एकता' भन्ने नाराका साथ बाल्मीकिका विद्यार्थीहरुले अन्तरनिहीत प्रतिभा प्रस्तुत गरेका छन् । कक्षागत रुपमा सञ्चालन गरिएको कार्यक्रम अनुसार विहीवार कक्षा ५ सम्मका विद्यार्थीहरुले विभिन्न जातिको पहिचान झल्कने सामुहिक नृत्य प्रस्तुत गरेका थिए ।

बिद्यालयका संस्थापक अध्यक्ष तथा राष्ट्रियसभाका सदस्य गोपालकुमार बस्नेतको अध्यक्षता र संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको सास्कृतिक कार्यक्रमको उद्घाटन गरिएको थियो ।

प्रमुख अतिथि शिवाकोटी, संस्थापक अध्यक्ष बस्नेतले संयुक्त रुपमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए । कक्षा ३ देखि ५ सम्मका विद्यार्थीको सांस्कृतिक प्रस्तुतिमा टप्पा नृत्य, साकेला, थारु, आधुनिक, राजवंशी नृत्यहरु प्रस्तुत गरिएका थिए ।

त्यसैगरी नाटक, सामुहिक नृत्य, होस्टेल नृत्य, सांस्कृतिक, अभिनय लगायतका आकर्षक प्रस्तुतिहरुपनि विद्यार्थीहरुले प्रस्तुत गरेका थिए । कक्षा ५मा अध्ययनरत् बिद्यार्थी अनन्या भण्डारी र प्राइमरी इन्चार्ज ममता गुरुङले स्वागत गरेको कार्यक्रममा प्रिन्सिपल पवन गिरीले शैक्षिक गतिविधिमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रममा विशेष मन्तव्य राख्दै प्रमुख अतिथि शिवाकोटीले आज प्रविधिको युग भएकाले प्रविधि मैत्री शिक्षाको आवश्यकता माथि जोड दिए । उनले भने- 'सिप र कला विना मानव अस्तित्व अव सुरक्षित हुँदैन, विद्यालय यिनको मुहान हो ।' पाठ्य पुस्तकका अतिरिक्त सिप, कला र प्रविधि प्रदान गर्न विद्यालय जहिल्यै केन्द्रित रहनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा विद्यार्थीहरुले स्वरस्वती बन्दना, राष्ट्रिय गीत, स्वागत गीत लगायतका प्रस्तुति दिएका थिए भने प्राइमरी इञ्चार्ज गुरुङले धन्यवाद ज्ञापन गरेकी थिइन् ।

शिक्षा सेवी तथा पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकालको विशिष्ठ आतिथ्य रहेको कार्यक्रममा विद्यालयका कार्यकारी निर्देशक आनन्दकुमार बस्नेत, बाल्मीकि लिङ्कन कलेजका निर्देशक, किशोर बस्नेत, वीरता जेसीजका पूर्व अध्यक्ष राजेन्द्र चम्लागाँई लगायतको उपस्थिति रहेको थियो ।

'सबै राम्रो जति तपाईंकै नानीलाई' भन्ने नारासहित २०६० सालमा स्थापना गरिएको फाउण्डेशनमा एक हजार ६ सय विद्यार्थी अध्ययनरत् रहेको बताइएको छ । कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक जीवन आचार्यसहित विद्यार्थीहरुले संयुक्त रुपमा गरेका थिए ।

# भवानी खानेपानीमा उत्कृष्ट बुहारी, कृषक, बिद्यार्थी र पत्रकार पुरस्कृत



**सुरुङ्गा, माघ १५।** श्री भवानी हिमादेवी खानेपानी तथा सरसफाई उपभोक्ता सामुदायिक संस्था कनकाई-६ दुर्गापुर झापाको नवौं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष भरतकुमार थपलियाको अध्यक्षता तथा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका आयोजना प्रमुख सुरतलाल चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष रेवतबहादुर रेग्मीले स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रममा अध्यक्ष भरतकुमार थपलियाले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष प्रेमप्रसाद भण्डारीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

त्यस्तै लेखा सुपरीवेक्षण समितिका संयोजक युवराज बोहोराले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा चिरञ्जीवी ईश्वरादेवी उप्रेती अक्षयकोषको तर्फबाट प्रत्येक वर्ष प्रदान गरिने पुरस्कार प्रदान गरिएको थियो ।

उक्त कोषबाट उत्कृष्ट पत्रकार कनकाई खबरका सम्पादक रामप्रसाद निरौला, उत्कृष्ट बिद्यार्थीहरू कनकाई माविका सुसल रसाईली र आदर्श बिद्यामन्दिर माविकी अंकिता दवाडी, उत्कृष्ट कृषक कविता घिमिरे बस्नेत, उत्कृष्ट बुहारी पुजन बाँस्तोला बारकोटीलाई जनही नगद ५१ हजार, दोसल्ला र सम्मान पत्र प्रदान गरिएको थियो । उक्त पुरस्कार चिरञ्जीवी ईश्वरादेवी उप्रेती अक्षयकोषका संरक्षक चिरञ्जीवी उप्रेती, ईश्वरादेवी उप्रेती, अध्यक्ष एकराज उप्रेतीलगायतले प्रदान गरेका थिए ।

कार्यक्रममा संस्थापक अध्यक्ष तथा जग्गादाता चिरञ्जीवी उप्रेती, तदर्थ समितिका अध्यक्ष गोपाल उप्रेती, उपाध्यक्ष सम्झना श्रेष्ठ, सचिव तुलाराम बस्नेत, सदस्यहरू निर्मला कार्की डोली, कमला सिटौला, लीलाबल्लभ सुवेदी, मरणोपरान्त दीर्घबहादुर थापा, संस्थापक उपाध्यक्ष मरणोपरान्त डिल्लीराम उप्रेती, सचिव जीवनकुमार श्रेष्ठ, सदस्य खिनमाया बस्नेत, पूवसचिव अनुप ओली, सदस्य हरिप्रसाद शिवाकोटी, रेखा राजवंशी, सुफल मुर्मू, तारा खतिवडा अधिकारी, पूर्वसदस्य बालकृष्ण सिटौला, शम्भुप्रसाद पोखरेल, भक्तबहादुर घतानी, प्रह्लाद घिमिरे, रमेश श्रेष्ठ लगायतलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा सुरुङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष भीमप्रसाद अधिकारी, सम्मानित पत्रकार रामप्रसाद निरौला, नेपाली कांग्रेस झापा सभापति देउकुमार थेबे, कनकाई नगरपालिकाकी उपप्रमुख आशा शर्मा शिवाकोटीलगायतले शुभकामनासहित मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव रामगोपाल ओलीले गरेका थिए ।

## मोटरसाइकल हराएको सूचना

यही मिति २०८२ मंसीर १७ गते विहान ९:३० बजे पदमप्रसाद ढकालको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको इञ्जिन नं. DHXRNB83153 चेसीस नं. MD2A11CXXNPB16768 रहेको प्र. १–०१–०१६प १९३३ नम्बरको १५०सीसी bajaj कम्पनीको रातो कालो रंगको मोटरसाइकल मेचीनगर नगरपालिका–७ आयाबारी घनेश्वर टोलस्थित सडक किनारामा पार्किङ गरी राखेको ठाउँबाट हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**सम्पर्क : ९७४९४७७८३५**

## सेनाको ...

जानकारी दिए । आरोपीमाथि अफवाह फैलाउन नहुने कसुरमा अनुसन्धान भइरहेको थापाले बताए ।

## निर्वाचनमा ...

आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचन तयारीका क्रममा सरकारबाट प्राप्त सहयोग र समन्वयप्रति धन्यवाद व्यक्त गर्दै निर्वाचन व्यवस्थापनका क्रममा आयोगका तर्फबाट गरिनुपर्ने व्यवस्थापकीय तयारी सम्पन्न भएको जानकारी गराए ।

निर्वाचन व्यवस्थापनका क्रममा संविधान, निर्वाचन सम्बन्धी कानून, निर्वाचन आचारसंहिता विपरीत हुने कुनै पनि गतिविधि एवम् क्रियाकलापप्रति आयोग कठोर रुपमा प्रस्तुत हुने उनले बताए । कुनै पनि पक्षबाट हुने दण्डहीनता आयोगलाई मान्य नहुने पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीको भनाइ थियो ।

छलफलमा निर्वाचन आयुक्तद्वय सगुनशमशेर जबरा र डा. जानकीकुमारी तुलाधर, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरुको उपस्थिति थियो ।

भेटमा अगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनलाई, निष्पक्ष, पारदर्शी एवम् भयमुक्त वातावरणमा सम्पन्न गराउन समग्र शान्तिसुरक्षा र निर्वाचनको समय व्यवस्थापनको तयारीका बारेमा पनि छलफल भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

## जसले ...

स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये बिनय तामाङ लुटपाट तथा डाँका चोरीको मुख्य योजनाकार रहेको प्रहरीको दाबी छ । पक्राउ परेका अन्य व्यक्तिहरू मोटरसाइकल चालक, रेकी गर्ने, लुटिएको सुन बिक्री गर्ने तथा गरगहना खरिद गर्ने भूमिकामा रहेको खुलेको छ । उनीहरूमध्ये अधिकांशको चोरी र डाँका चोरीसम्बन्धी आपराधिक पृष्ठभूमि रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले लुटपाटमा प्रयोग गरिएका विभिन्न नम्बरका मोटरसाइकलहरू समेत बरामद गरेको छ । ती मोटरसाइकल प्रयोग गरी बौद्ध, गौशाला, स्वयम्भू, लैनचौर, बूढानीलकण्ठ, कपन, कोटेश्वरलगायत क्षेत्रमा रातको समयमा कुटपिट गर्दै सुन, चाँदी, नगद र मोबाइल लुटिएको विवरण प्रहरीले सार्वजनिक गरेको छ ।

हालसम्म २७ जना पीडित प्रहरी सम्पर्कमा आएको र गिरोहबिरुद्ध चार वटा जाहेरी दर्ता भइसकेको प्रहरीले जनाएको छ । पक्राउ परेका सबैमाथि थप अनुसन्धान भइरहेको डीएसपी बुढाथोकीले जानकारी दिए ।

## वीरता ...

पदाधिकारीलाई शपथ ग्रहण गराएका थिए । वीरता जेसीज बिर्तामोडका लागि वर्ष २०२६का लागि कार्यकारिणी उपाध्यक्षमा पुकार बराल र प्रज्ज्वल विमली, संयुक्त सचिव पुष्प भण्डारी, तालिम संयोजक विज्ञानराज पौडेल, जनसम्पर्क अधिकारी अजय चौधरी र उपाध्यक्षहरुमा विजय चौधरी, विश्वजीत हलुवाई, नवराज अधिकारी र विवेक खड्का चयन भएका छन् ।

जुनियर जेसीज वर्ष २०२६को अध्यक्षमा साहिल ढकाल चयन भएका छन् । उनका साथ कार्यकारिणी उपाध्यक्षमा युनिष कार्की र रियान ज्वयल श्रेष्ठ चयन भएका छन् । उपाध्यक्षहरूमा समिर घिमिरे, रिजन फुँयल, हनी अग्रवाल र कञ्चन राजवंशी रहेका छन् । जनसम्पर्क अधिकारीमा सुप्रिना संग्रौला, तालिम संयोजकमा दिवस पौडेल, संयुक्त सचिवमा लुना ओली तथा प्रकरण निर्देशकमा रेश्मा चिमरिया चयन भएका छन् । वर्ष २०२५का अध्यक्ष अस्मित गोसाँईको गलामा रहेको अध्यक्षीय चेन अध्यक्ष साहिल ढकाललाई पहिर्याउँदै पदभार हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा वर्ष २०२५का अध्यक्षकी प्रथम महिला सनम शिवाकोटी र वर्ष २०२६का अध्यक्षकी प्रथम महिला पुजन श्रेष्ठबीच मायाको चिनो साटासाट गरिएको थियो ।

यसैबीच अध्यक्ष श्रेष्ठले बोर्डका रिक्त पदमा मनोनयन गरी बोर्डलाई पूर्णता दिएका थिए । कार्यक्रममा प्रमुख अतिथि जीवन कार्की, वीरता जेसीजका संस्थापक अध्यक्ष तथा राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेत, पूर्वजेसीज तथा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी लगायतले शुभकामना मन्तव्य राख्दै जेसीज अभियानले युवाहरूको नेतृत्व विकास, सामाजिक उत्तरदायित्व र राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका थिए ।

कार्यक्रममा बसन्त ढकालले जेसीज आस्था वाचन गरेका थिए भने जुनियर जेसीज रेश्मा चिमरियाले जेसीआईको मिसन तथा भिजन प्रस्तुत गरेकी थिइन् । कार्यक्रम संयोजक जेसी अमरजित साहले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन २०२५का महासचिव विज्ञानराज शर्मा र २०२६का महासचिव सुवास त्रिखत्रीले गरेका थिए ।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकालका लागि महासचिवमा त्रिखत्री, कोषाध्यक्ष अमरजित साह, सहकोषाध्यक्ष अभिषेक गहतराज र कानूनी सल्लाहकारमा प्रभात मास्केलाई मनोनयन गरेका छन् ।

## कर्मचारीलाई ...

निर्वाचन अधिकृत न्यौपानले चेतावनी दिए । त्यस्ता कर्मचारीलाई निर्वाचनमा नखटाउने निर्णय समेत भएको उनले बताए । प्रतिनिधिसभा सदस्य एक मात्र निर्वाचन क्षेत्र रहेको यस जिल्लामा एक लाख १९ हजार ६३० मतदाता छन् ।

जिल्लामा १०९ मतदानस्थल र १६४ मतदान केन्द्र छन् । जिल्लामा तीन महिलासहित १६ जना चुनावी मैदानमा छन् । १५ दल र एक स्वतन्त्र उम्मेदवार छन् । जिल्लामा अति संवेदनशील आठ, संवेदनशील ८२ र सामान्य १९ वटा मतदानस्थल रहेका छन् ।


## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा

- मतदाता नमावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रक्रियाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
- महिला, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
- आचारसंहिता उल्लंघन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## वरिष्ठ मुटु रोग विशेषज्ञ



**DR. RAJESH KUMAR PANJIYAR**
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

### उपचार हुने रोगहरु

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड–४,झापा
०२३–५५११७४, ९८२०४५११७४

## MRP PUBLISHED

A notice has been published for the information of all that the following is the maximum retail price of the E-Rickshaw complete set imported by **SHAKTI MOTORS** from **NINGBO DOWEDO INTERNATIONAL TRADE CO. LTD., CHINA.**

| S.N. | PARTICULAR | BRAND | MODEL | CAPACITY | ORIGIN | UNIT | RATE (NPR) |
|---|---|---|---|---|---|---|---|
| 1 | E-RICKSHAW COMPLETE SET | SHAKTI | FX-K1 | 60V/1000W | CHINA | PER SET | 146005.00 |

**TRADER: SHAKTI MOTORS**
**ADDRESS: MECHINAGAR-10, DHULABARI**
**PAN: 123899112**
**CONTACT: 9860845237**

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतीस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/१०/१६**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ३६औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुादा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम् कदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चलअचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

| **शाखा कार्यालय :** बिर्तामोड | **कर्जाको प्रकार :** व्यावसायिक चालु पूँजी कर्जा |
|---|---|

**ऋणी/धितो जमानतकर्ता/व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते विवरण**

**ऋणी :** घरेलु तथा साना उद्योग विकास समिति पाँचथरमा मिति २०७६/०१/०८ मा प्रा.फ.र.नं. ८७८/०७५/०७६ अन्तरगत रजिष्ट्रड/दर्ता भएको रजिष्टड ठेगाना पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १, पाँचथर भई हाल सोही स्थानमा स्थित समर्पित फार्मेसी ऐ फर्मका तर्फबाट ऐ. का प्रोप्राइटर कृष्ण बहादुर पराजुलीको नाती, भोज बहादुर पराजुलीको छोरा, नागरिकता बमोजिम इलाम जिल्ला, इलाम न.पा. वडा नं. २, स्थायी ठेगाना भै हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने मिति २०४२/०३/२७ मा जिल्ला प्रशासन कार्यालय, इलामबाट जारी गरिएको ना.प्र.प.नं. १८०१९–९०१ भएको बर्ष ५९ को सन्देश पराजुली ।

**धितो सुरक्षणको विवरण :** प्रकृती पराजुलीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर गा.वि.स./न.पा. वडा नं. १३ स्थित कि.नं. २७ को क्षेत्रफल ६४४ व.मि. को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|---|---|
| नाम : दिपा पराजुली<br>बाबु : भोज बहादुर पराजुली<br>पति : जित बहादुर थापा<br>ना प्र नं : ०३१९१४६/११६७<br>जारी मिति र जिल्ला: २०४२/०५/०६ इलाम<br>ठेगाना: इलाम जिल्ला, दानाबारी गा.वि.स वडा नं. ८, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ५ बस्ने । | नाम : महेश्वर तिम्सिना<br>बाबु : ईन्द्र नारायण तिम्सिना<br>बाजे : नरपति तिम्सिना<br>ना प्र नं : ०२/२८२<br>जारी मिति र जिल्ला: २०३३/०९/१२ पाँचथर<br>ठेगाना: पाँचथर जिल्ला, सिरिसे गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | नाम : महेश्वर तिम्सिना<br>बाबु : ईन्द्र नारायण तिम्सिना<br>बाजे : नरपति तिम्सिना<br>ना प्र नं : ०२/२८२<br>जारी मिति र जिल्ला: २०३३/०९/१२, पाँचथर<br>ठेगाना: पाँचथर जिल्ला, सिरिसे गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | नाम : प्रेम बहादुर काफ्ले<br>बाबु : मकर जंग काफ्ले<br>बाजे : लक्ष्मण काफ्ले<br>ना प्र नं : ६९७१९८७<br>जारी मिति र जिल्ला: २०४१/०१/०७, पाँचथर<br>ठेगाना: पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १, स्थायी ठेगाना भै सोही स्थान बस्ने । |

| धितो / व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|---|
| नाम : प्रकृती पराजुली<br>बाबु : मुक्तिनन्द दहाल<br>पति : सन्देश पराजुली<br>ना प्र नं : १५२७६/१६९२७-०४४ जारी मिति र जिल्ला: २०५७/११/३० सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भै हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १३ बस्ने । | नाम : घनेन्द्र राज खनाल<br>बाबु : देवी प्रसाद खनाल<br>बाजे : भिम प्रसाद खनाल<br>ना प्र नं : ९१५२२४९३ जारी मिति र जिल्ला: २०५५/१२/२५ झापा<br>ठेगाना: झापा जिल्ला कन्काई न.पा. २ स्थायी ठेगाना भै झापा जिल्ला विर्तामोड न.पा. वडा नं. १ बस्ने । | नाम : नेचुरीका पराजुली<br>बाबु : सन्देश पराजुली<br>बाजे : भोज बहादुर पराजुली<br>ना प्र नं : ०४-०१-७०-२०१९२ जारी मिति र जिल्ला: २०७०/०७/०३ झापा<br>ठेगाना: झापा जिल्ला भद्रपुर न.पा. १५ स्थायी ठेगाना भै झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १३ बस्ने । |

**शर्तहरु :–**

१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।– (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३) बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण–पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षण पत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे–जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिने छ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नुपर्नेछ ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८) बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहने छ ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd.
**कर्जा असुली विभाग**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### शहीदहरुको सम्मान

**व्यक्तिगत वा पारिवारिक स्वार्थ त्यागेर समाज, राष्ट्र, देश र जनताको हितका लागि आफ्नो जीवन बलिदान गर्ने सदा सम्मानित हुन्छन् । यस्ता मानिस थोरै हुन्छन् र हरेक देशमा ती महान व्यक्तिको सम्मान विशेष ढंगले गरिन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक वा राजनीतिक परिवर्तन तथा स्वतन्त्रता, प्रजातन्त्र प्राप्तिका लागि हाँसी–हाँसी जीवन अर्पण गर्नेहरु शहीद हुन् । नेपालमा पनि त्यस्ता महान व्यक्तित्वहरु थिए जसले निरंकुश राणा शासनबिरुद्ध संघर्ष गरे र मृत्युवरणसम्मको सजाय सहजै र हाँसेरै गरे । तिनै शहीदहरु शुक्रराज शास्त्री, दरथ चन्द, गंगालाल र धर्मभक्तको त्याग, समर्पण र बलिदानको उच्च सम्मान गर्दै हरेक वर्ष शहीद दिवस मनाइन्छ ।**


**हाम्रा प्रातः स्मरणीय महामानव शहीदहरुले प्रजातन्त्र स्थापना, पुनः स्थापना र स्वतन्त्रताका लागि प्राणको आहुति दिएको दिनको सम्झना र सम्मानमा सप्ताहव्यापी कार्यक्रमका साथ शहीद दिवस मनाईंदै आइएको छ । प्रजातन्त्र र स्वतन्त्रताको माग गर्दा वि.सं. १९९७ मा माघ १० गतेदेखि १६ गतेसम्म ती महापुरुषलाई रुखमा झुण्ड्याएर र गोली हानेर राणा शासकले मृत्युदण्ड दिएको थियो । त्यही दिनको र घटनाको सम्मान र स्मरणमा मृत्युदण्ड दिइएको स्थानहरु पचली, सिफल र शोभाभगवतीमा अलग–अलग कार्यक्रम गर्दै मनाइने शहीद सप्ताहको आज अन्तिम दिन हो ।**

**देश र जनताको कल्याण, प्रजातन्त्र र स्वतन्त्रता प्राप्तिको लडाइँमा झुण्डिन र गोली थाप्न तयार शहीदहरुको अवमूल्यन हुन थालेको छ । नक्कली शहीदको लामो सूचिले सच्चा शहीदहरु ओझेलमा पारिँदैछन् । विश्वमा अन्त कतै नभएको शहीदहरुको फेहरिस्तले राणा शासनबिरुद्धको आन्दोलनमा जानाजान र हाँसी–हाँसी प्राणको आहुति दिनेहरु राष्ट्रका गौरव हुन् । विभिन्न कालखण्डमा भिन्न–भिन्न घटनामा मारिनेहरुलाई पनि त्यही कोटीमा राख्नु प्रथम शहीद लखन थापा लगायतका शहीदहरुको अपमान हो ।**

**शहीदहरुको बलिदानको मूल्य एक थुंगा फूल चढाएर अथवा एक मिनेट मौनधारण गरेर वा भाषण गरेर मात्र तिर्न सकिन्न । उनीहरुको सपनाको पूर्णता बिना उनीहरुप्रति सम्मान हुँदैन । शहीदका सपना पूरा गर्न विभाजित भएर होइन देश र जनताको हित र कल्याणमा संगठीत भएर लाग्नु पर्दछ । यसको नेतृत्व, सरकार र राजनीतिक दलहरुले आफ्नो हठ, दलीय स्वार्थ र दम्भ त्यागेर शहीदले देखाएको बाटोमा हिंड्ने आँट गर्नुपर्छ । त्यसरी मात्र देश र जनताको हित हुन्छ, शहीदहरुका सपना पनि पूरा हुन्छन्, शहीदको सम्मान र दिवसको सार्थकता रहन्छ ।**

# आज शहीद दिवस



नरेन्द्र ढकाल

*हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए*
*बन्दैन मुलुक दुई-चार सपूत मरेर नगए*

कवि भूपी शेरचनको यो रचनाले आज माघ १६ लाई सम्झाइरहन्छ। हरेक वर्ष माघ १६ लाई शहीद दिवसका रुपमा मनाउने गरिन्छ। हरेक दिन गगनका तारा झरेर अनि सूर्यको प्रकाशको पदार्पणसहित मान्छेले आफ्नो दैनिकी शुरु गरे जस्तै मुलुक बन्नका लागि पनि हरेक ऐतिहासिक कालखण्डमा वीर सपूतहरूको बलिदान रहेको छ।

आज माघ १६ तिनै सपुतहरूको सम्झना र सम्मान गर्ने शहीद दिवस हो। शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द ठाकुर र गङ्गालाल श्रेष्ठलाई प्रजातन्त्रको पक्षमा जनतामा वकालत गरेको अभियोगमा हत्या गरिएको माघ १० गतेदेखि १६ गतेसम्मको अवधिलाई शहीद सप्ताहका रूपमा मनाइन्छ। आज विशेषगरी विभिन्न कार्यक्रमका साथ शहीदहरुलाई सम्झना गरिन्छ। स्वतन्त्रता, समानता अनि सार्वभौमिकताका लागि शहीदहरूले दिएका बलिदान अझै पनि टेकुको शुक्र वृक्ष, सिफलको रुख लगायत विभिन्न रुखहरू अनि घटनाक्रमहरूले दिने गरेको छ। तर, तिनै शहीदको बलिदानीमा जन्मिएकाहरुले आज वर्षमा एक पटक मात्र शहीदको सम्झना गर्ने गरेका छन् । अमर शहीदहरुले देखाएका बाटोहरु बिर्सिएर आफ्नो स्वार्थमा रुमलिन थालेका छन्। यसले कतै शहीदको बलिदानीलाई बेकार सम्झने अवस्था त आउन लागेको होइन् ? भन्ने गम्भीर प्रश्न खडा भएको छ।

नेपालको पहिलो शहीद लखन थापालाई मानिन्छ। थापालाई तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणा बिरुद्ध प्रचार-प्रसार गरेको आरोपमा विक्रम सम्वत् १९३३ साल फागुन २ मा गोरखाको मनकामना मन्दिर नजिकैको रुखमा झुन्ड्याएर मारिएको थियो। शहीद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथचन्द ठाकुर र गङ्गालाल श्रेष्ठलाई पनि राणा शासनकै बेला मारिएको हो। परिवर्तन ल्याउनका लागि अनि भावी पुस्ता र देशको आयाम बदल्नका लागि आफ्नो ज्यान अर्पण गर्ने शहीदहरू सम्मानका लागि आमनागरिकले सोच्नुपर्ने हुन्छ । शहीदहरूको सपना र त्यागलाई साकार पार्दै देशको हितमा काम गर्न जरुरी छ। नेपाली प्रजातान्त्रिक इतिहास अनि वीर शहीदहरूको, राणा शासनका बिरुद्धमा अनि प्रजातन्त्र बहालिका लागि शहीदहरूले बलिदान दिएकोमा वि.सं. २००७ सालको प्रजातन्त्र पश्चात् पुनः निर्दलीय व्यवस्था लगायत २०३२ सालको जनमत संग्रह हुँदै २०४७ सालमा भएको संवैधानिक राजतन्त्र अनि बहुदलीय प्रजातन्त्रको पूर्नस्थापनासम्ममा धेरै ज्ञात-अज्ञात नेपाल आमाका छोराछोरीहरू शहीद भएका छन्।

विक्रम सम्वत् २०६२/०६३ सालको जनआन्दोलन र त्यसपछि पूर्नवाहली गरिएको प्रजातन्त्र अनि गणतन्त्रमा प्रवेश गरेको नेपाल, मधेश आन्दोलनका क्रममा सादहत प्राप्त सबै शहीदहरूलाई सम्झन जरुरी छ। हालै मात्र २०८२ भदौ २३ र २४ गतेको विद्रोहमा समेत धेरैले आफ्नो प्राण त्याग्नुपर्‍यो। निरंकुश सरकारबिरुद्धको भएको जेन-जी आन्दोलनलाई अहिले दलहरुले खिल्ली उडाउने र पुनः दबाउने नियत राखेर अभिव्यक्तिहरु दिइरहेका छन्। त्यो शहीदहरुको अपमान हो। आफ्ना गल्ती नदेख्ने तर देशको समृद्धी, सु-शासन र स्थायीत्व माग गर्ने जेन-जी पुस्ताको हत्याको जिम्मा तत्कालिन सरकारमा सहभागी दलहरुले लिनै पर्छ।

२४ गतेको विध्वंशलाई देखाएर निहत्था कलिला बालबालिकाको टाउकोमा गोली बर्साउने शासकहरु कदापि उम्कन मिल्दैन । त्यसको सजाय अवश्य जेन-जी पुस्ताले दिने छन् र दिन जरुरी पनि छ। यी शहीदहरूलाई मसिनो हैन बाक्लो अनि जोडदार स्वरमा सम्झना गर्न जरुरी छ। शहीद गेटमा रहेको शहीदहरूको प्रतिमादेखि गङ्गालाल हृदय रोग प्रतिष्ठान लगायत शहीदका नाममा गठन गरिएका विभिन्न परोपकारी संस्थाहरूले, हुलाक टिकटहरू अनि सरकारी कार्यालयमा झुन्ड्याइएका तस्वीरहरू, शहीदहरूको नाममा बनाइएका बाटाघाटाहरु लगायतले शहीदको महत्त्व हामीलाई बुझाइरहेका छन्।

पछिल्लो समयमा नेपाली राजनीतिक पृष्ठपोषकहरूले झिनामसिना घटनाक्रम अनि राजनीतिक स्वार्थ अनुरूप शहीदहरू तोक्ने अनि खुद्रा रुपमै शहीदहरूको फेहरिस्त तयार गरिदिएकोमा धेरै जनगुनासोहरू सुनिएको छ। आज आफ्नो स्वार्थमा लागि सडकमा निस्केर ज्यान गुमाउने पनि शहीदको सूचिमा पर्दा जो देशका लागि लडे र देशका लागि रगत बगाए उनीहरुकै अपमान गर्न सत्तामा पुगेकाहरुले गल्ती गरिरहे। हिमाल, पहाड अनि तराई सबैतिर शहीदको रगतको रङ्गहरू माटामा मिसिएका छन्। नेपाली आकाशमा उनीहरूको सपना छ अनि नेपाली प्रजातान्त्रिक अभ्यासमा शहीदहरूको निःस्वार्थ बलिदान अतुलनीय छ। तर, शहीदको बलिदानीलाई भऱ्याङ बनाएर सत्ताको स्वाद चाख्न पुगेकाहरुले शहीद शब्दकै खिल्ली उडाउने काम गरिरहेका छन्। अब त देशले विकासको फड्को मार्ला शहीदहरुको सपना पुरा होला भनेर वर्षौदेखि आशामा बाँचिरहेका नेपालीहरु निराश बन्दै विदेशिनुपर्ने अवस्था पनि हामी नेपाली माझ जगजायर छ।

देशको अवस्थामा सुध्रिएमा नेपालमा नै केही गर्ने अठोट र सोच बोक्नेहरु पनि निराश बन्दै प्रवासमै जीवन व्यतित गरिरहेका छन्। अब त पक्कै देश एउटा समृद्धिको यात्रामा जाला भन्ने आशा नेपालीले कहिलेसम्म राख्ने हुन थाहा छैन्। देशले फेरि परिवर्तन खोज्न सक्छ, शहीद एउटा मर्यादा अनिविश्वास हो, देशभक्तका लागि। तर, कहिलेसम्म पटक-पटक परिर्वतन र सु-शासनका लागि नेपाली जनताले प्राणको आहुती दिनुपर्ने हो। शहीद दिवस प्रत्येक वर्ष माघ १६ गते नेपालमा श्रद्धा र सम्मानका साथ मनाइन्छ। यो दिन राष्ट्रका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने वीर शहीदहरूको सम्झनामा समर्पित गरिएको हो। उनीहरूको त्याग, साहस र देश प्रेमको सम्मान गर्दै हामी स्वतन्त्रता, लोकतन्त्र र मानवअधिकारको मूल्यलाई सम्झँदै शहीद दिवसको सम्मान गर्दै देशको विकास र रक्षाका लागि आमनागरिक जागरुक हुन जरुरी छ।

शहीद दिवस केबल विगत सम्झिने दिन मात्र होइन, आत्ममूल्याङ्कन गर्ने अवसर पनि हो। यस दिनले हामीलाई देशप्रति जिम्मेवार बन्न, सामाजिक न्यायका लागि आवाज उठाउन र लोकतान्त्रिक मूल्यहरू जोगाउन प्रेरणा दिन्छ। शहीदहरूले देखाएको बाटोमा हिंड्दै राष्ट्र निर्माणमा इमान्दारी, अनुशासन र एकताको आवश्यकता झन् स्पष्ट परेको छ। शहीद दिवसले हामी सबैलाई राष्ट्र प्रेम, त्याग र कर्तव्यबोधको भावना जगाउन आवश्यक छ। शहीदहरूको बलिदान कहिल्यै खेर नजाओस् भन्ने संकल्पका साथ देशलाई शान्ति, समृद्धि र न्यायको बाटोमा अघि बढाउनु नै हाम्रो दायित्व हो। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनले पक्कै पनि देशको समृद्धि, आशा भरोसालाई अत्मसाथ गर्दै वीर शहीदहरुले देखाएको बाटोमा अग्रसर बनाउन आमनागरिकले भरोसा युक्त नेतृत्व चयनमा ध्यान दिनुहुने छ भन्ने आशाका साथ शहीद दिवस केलब दिवस मात्र होइन नेपाली प्रजातान्त्रिक आन्दोलनको एउटा गाथा हो भन्ने कुरालाई बिर्सनु हुन्न।

# झापा २ : राजनीतिक चेतना र मतदाताको प्राथमिकता



त्रिलोचन कोइराला

पूर्वी नेपालको राजनीतिक नक्शामा झापा निर्वाचन क्षेत्र नम्बर २ सधैं संवेदनशील र निर्णायक क्षेत्रको रूपमा रहँदै आएको छ। यहाँको मत परिणाम न केबल प्रतिनिधि सिटको भाग्य तय गर्छ, तर कोशी प्रदेश र राष्ट्रिय राजनीतिमा पनि स्पष्ट संकेतहरू पठाउँछ। विगतका निर्वाचनहरूले देखाएका छन् कि मतदाता केवल दलको झण्डा वा उम्मेदवारको पद र अनुभवमा निर्भर हुँदैनन्। उनीहरूले स्थायित्व, विकास, जवाफदेहिता र स्पष्ट भविष्यको दृष्टि खोज्छन्। अघिल्लो निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी (एमाले) का देवराज घिमिरे, पूर्व सभामुख, करिब २८ हजार सात सय १६ मत लिएर विजयी भएका थिए। उनका अनुभव, संगठन र स्थानीय परिचयले मतदातामा भरोसा र स्थायित्व सिर्जना गरेको थियो। तर मत परिणाम अत्यन्त निकट थियो।

स्वतन्त्र उम्मेदवार स्वागत नेपालले २६ हजार चार सय ५५ मत प्राप्त गरेका थिए। यसले देखाउँछ कि मतदाताको ठूलो हिस्सा परम्परागत दलको भोलिपल्टमा पनि नयाँ र वैकल्पिक आवाजको खोजीमा थियो। माओवादी केन्द्रका हरिकुमार राना मगरले १३ हजार नौ सय ३० मत पाएका थिए। यसले प्रमाणित गर्छ कि माओवादी केन्द्रको परम्परागत मताधार झापा २ मा सशक्त छैन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का इन्दिरा राना मगरले विगतमा समानुपातिकबाट संसदमा सेवा दिएकी अनुभवले उनीलाई स्थानीय राजनीति र सामाजिक चेतनामा विश्वासिलो उम्मेदवार बनाउँछ। राष्ट्रिय स्वतन्त्र पार्टीका रुद्र प्रसाद गिरीले आठ हजार सात सय ८१ मत प्राप्त गरेका थिए। साना दल र स्वतन्त्र उम्मेदवारहरूले मत विभाजनमा निर्णायक भूमिका खेल्ने सम्भावना देखाएका छन्।

देवराज घिमिरेको शक्ति उनको अनुभव, पूर्व सभामुखको पद र परम्परागत पार्टीको संगठनात्मक बलमा आधारित छ। उनले विगत निर्वाचनमा देखाएको नजिकको जीतले स्पष्ट पारेको छ कि मतदाताको विश्वास अझै बलियो छ। तर, चुनौती भनेको परिवर्तनमुखी उम्मेदवार र वैकल्पिक राजनीतिक आवाजलाई सम्बोधन गर्नु हो। यदि उनले स्थानीय नेतृत्व, युवा वर्ग र सामाजिक सञ्जाल प्रयोगमा कमजोरी देखाए भने परम्परागत मत आधारमा पनि चुनौती आउन सक्छ। सरिता प्रसाई, नेपाली कांग्रेसबाट, आफ्नो शक्ति पार्टीको नेटवर्क, स्थानीय परिचय र महिला नेतृत्वको दृष्टिले बलियो बनाइरहेकी छन्। उनको चुनौती मत विभाजन, प्रतिस्पर्धात्मक दबाब र परम्परागत दलहरूको स्थायित्वसँगको सामना हो। यदि उनले संगठनात्मक बल प्रभावकारी रूपमा प्रयोग गर्न सकिन् भने कांग्रेसका मतदाता सक्रिय रूपमा उनको पक्षमा आउन सक्छन्।

इन्दिरा राना मगर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वसँग निकट सम्बन्ध राख्छिन्। उनको शक्ति केवल राजनीतिक अनुभवमा होइन, सामाजिक सक्रियता र स्थानीय चेतनामा आधारित छ। उनी युवा र महिला मतदातासँग संवाद कायम राख्ने र वैकल्पिक राजनीतिक विकल्पको रूपमा चिनिने प्रयासमा छन्। उनका लागि चुनौती परम्परागत दलका उम्मेदवारहरूको संगठन र स्थायित्वको सामना गर्नु हो। उनले स्थानीय मतदातासँग सिधा संवाद, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग र वैकल्पिक विकल्पको रूपमा विश्वास निर्माण गर्नुपर्छ। यसले उनीलाई झापा २ मा निर्णायक भूमिका खेलाउने सम्भावना दिन्छ।

स्वागत नेपाल, परम्परागत दलसँग स्वतन्त्र-वैकल्पिक रुपमा मैदानमा छन्। उनको शक्ति व्यक्तिगत परिचय, वैकल्पिक सोच र स्थानीय विश्वासमा आधारित छ। चुनौती भनेको परम्परागत दलहरूको संगठनसँग तालमेल राख्दै प्रभावकारी प्रतिस्पर्धा गर्नु हो। प्रा. युवराज संग्रौला, स्वतन्त्रतर्फ, वैचारिक मतदान, पारदर्शिता र स्वतन्त्र आवाजको बल लिएर आएका छन्। चुनौती भनेको व्यापक मतदातासँग संवाद र संगठन शक्ति बढाउनु हो। मतदातामा उत्पन्न आशा र शंका स्पष्ट छन्। अब मतदाताले केवल अनुभव र पदमा आधारित मतदान गर्दैनन्। उनीहरूले स्थायित्व, विकास, जवाफदेहिता र भविष्यको स्पष्ट दृष्टि खोजिरहेका छन्। विगतको निर्वाचनले देखाएको मत अन्तर र वैकल्पिक उम्मेदवारको उपस्थितिले आगामी निर्वाचनलाई बहुपक्षीय र निर्णायक बनाएको छ। युवा मतदाता, महिला मतदाता र सामाजिक चेतनासँग सम्बद्ध वर्ग अब राजनीतिक चेतनासँग मतदान गर्ने छन्।




कांग्रेस, एमाले र माओवादीप्रति जनताको असन्तुष्टि यथावतै छ। तर, उनीहरू सकिएका भने छैनन्। मतदाताले अझै सोच विचार गरेर निर्णय गर्नेछन्। निर्णायक तत्वको रूपमा संगठन, विश्वास र स्पष्ट दृष्टि महत्त्वपूर्ण छन्। संगठन बलियो उम्मेदवारले मतदातामा भरोसा जगाउँछ। विश्वास निर्माण गर्न सक्ने उम्मेदवारले मात्र स्थायित्व र सहमति ल्याउन सक्छ। स्पष्ट दृष्टि भएका उम्मेदवारले मतदातालाई भविष्यप्रति आश्वस्त पार्न सक्छ। यी तीनै तत्वको संयोजनले झापा २ को मतदाताको निर्णयलाई निर्णायक बनाउनेछ।

वर्तमान नेपालको राजनीतिक अवस्था झापा २ को चुनावी समीकरणमा ठूलो प्रभाव पार्दैछ। गत वर्षदेखि देशभर युवा आन्दोलन र सामाजिक संगठनको सक्रियताले मतदातामा नयाँ चेतना जगाएको छ। सडकमा देखिएका विरोध प्रदर्शन, धरना, र सरकार विरोधी चेतनाले मतदातामा परिवर्तन र जवाफदेहिता खोज्ने भावना बलियो बनाएको छ। रास्वपा नेतृत्वसँग निकट सम्बन्ध भएको इन्दिरा राना मगरको सामाजिक सक्रियताले मतदातामा सकारात्मक छवि निर्माण गरेको छ। युवा वर्ग, सामाजिक चेतनासँग सम्बन्धित मतदाताले वैकल्पिक विकल्पको खोजीमा सक्रिय भएर मतदान गर्ने अपेक्षा छ। यसले परम्परागत दलहरूका उम्मेदवारहरूको रणनीति, संगठन र संवाद क्षमता परीक्षणमा पार्नेछ।

साना दल र स्वतन्त्र उम्मेदवारहरूले मत विभाजनमा भूमिका खेल्छन्। प्रा. युवराज संग्रौला जस्ता स्वतन्त्र उम्मेदवारले वैचारिक मतदान र पारदर्शिता-नैतिकताको प्रश्न उठाउँछन्। यसले मतदातामा जागरूकता बढाउँछ र चुनावलाई अझ बहुपक्षीय बनाउँछ। हालै बालेनले झापा ५ मा उम्मेदवारी दर्ता गरेका छन्। यसले मतदातामा केही संकेतहरू पैदा गर्न सक्छ। परम्परागत दलहरूको मताधारमा केही मतदाताहरू वैकल्पिक र परिवर्तनमुखी विकल्पतर्फ जान सक्छन्। बालेनको उपस्थितिले युवा मतदातालाई सक्रिय बनाउने सम्भावना छ। यसले परम्परागत दलहरूको मत विभाजन बढाउनेछ। मतदाताले अब केवल स्थायित्व र अनुभवमा भरोसा राख्दैनन्, नयाँ नेतृत्व र वैकल्पिक राजनीति पनि प्राथमिकता बनिसकेको छ।

मतदाताले विगतका अनुभव, वर्तमान राजनीतिक अस्थिरता, वैकल्पिक उम्मेदवार र बालेनको अप्रत्यक्ष प्रभावलाई ध्यानमा राखेर निर्णय गर्नेछन्। अघिल्लो निर्वाचनले देखाएको निकट प्रतिस्पर्धा, मत अन्तर र वैकल्पिक आवाजको उपस्थितिले यसपटक निर्णायक भूमिका खेल्नेछ। राजनीतिक सन्देश स्पष्ट छ- मतदाता अब केवल पद, अनुभव र परम्परागत दलको झण्डामा निर्भर रहेर मतदान गर्दैनन्। उनीहरूले संगठन, विश्वास र स्पष्ट भविष्यको दृष्टिमा आधारित निर्णय गर्नेछन्। झापा २ का मतदाता सक्रिय छन्। उनीहरूले आफ्नो मत मार्फत स्पष्ट संकेत दिनेछन् कि स्थायित्व र अनुभव मात्र पर्याप्त छैन, जवाफदेहिता, स्पष्ट दृष्टि र वैकल्पिक विकल्प पनि आवश्यक छ। राजनीतिक संरचना, वैकल्पिक उम्मेदवारको उपस्थिती र असन्तुष्ट मतदाताको चेतनाले आगामी निर्वाचनलाई निर्णायक बनाउनेछ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय मिश्रित फलदायी रहेको छ, कुनै सानै काम पनि बन्नेछ, कहिँकतैको यात्राको अवसर आउन सक्छ, फजुल खर्च बढेर जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** अधुरा रहेका कामहरू सिद्ध भएर जाने योग रहेको छ, उच्च अधिकारीबाट साथ, सहयोग मिल्नेछ, मन आनन्दित रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मनमा सन्ताप बढेर जानेछ, खर्च वृद्धिको योग छ, विपरीत लिङ्गिमित्रबाट धोका हुन सक्छ, स्वास्थ्यले साथ दिने छैन ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय फलदायी छ, छोटो दुरीको रोमान्टिक यात्रा हुनेछ, साथीभाइले यथोचित सहयोग पुऱ्याउनेछन्, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** दिन सामानय रहने छ, स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, यात्राको योग पनि छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय राम्रो रहेको छ, व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, मेहनतले गरेको काममा यथोचित लाभ मिल्नेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कर्मक्षेत्र प्रगतिशिल बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने योग आएको छ, मन हर्षित रहने छ, साथीभाइले साथ दिनेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** लामो दुरीको यात्रा हुने सम्भावना छ, खर्चमा विशेष निगरानी गर्नुपर्ने देखिन्छ, आज टाढा रहेका आफन्तबाट सुखद् समाचार सुन्न पाउनुहुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय राम्रो आएको छ, मन शान्त र खुशी रहने छ, पारिवारिक कारणबाट मनमा सन्तुष्टि हुनेछ, काम गर्दा धैर्यका साथ गर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** पढाई तथा प्रेममा सफलता हुनेछ, रचनात्मक काममा मन जानेछ, सन्तान पक्षबाट खुशीको खबर आउनाले सुख-सन्तुष्टि मिल्नेछ, मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** दिन मध्यम रहेको छ, मन शान्त रहने छ, कष्ट, रोग, घाटा तथा आकस्मिक संकटबाट टाढा रहनु पर्दछ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** नयाँ वस्त्र प्राप्त हुने योग छ, आफन्त तथा मित्रजनबाट सहयोग हुने योग छ, पराक्रममा वृद्धि भएर जानेछ, दिन उत्तम रहेको छ ।

मिति २०८२/१०/१५ बिहीबारको
**सुनचाँदी मूल्य**
छापावाला सुन प्रति तोला रु. ३,३९,८००/-
चाँदी प्रति तोला रु.७,५२०/-

# बुवाआमाको पहिचान नभएकी सकुमायालाई नागरिकता उपलब्ध

**भोजपुर, माघ १५।** माइती नेपालको संरक्षणमा रही बुवा-आमाको पहिचान हुन नसकेकी सुकुमाया गुरुङलाई जिल्ला प्रशासन कार्यालयले नागरिकता उपलब्ध गराएको छ ।

भोजपुरका प्रमुख जिल्ला अधिकारी राजन पौडेलले जिल्ला प्रशासन कार्यालयमा गुरुङलाई नागरिकता प्रदान गरे । जिल्ला प्रशासन कार्यालयका अनुसार सकुमायालाई ०९-०१-८२-०३५५९ नम्बरको नागरिकताको प्रमाणपत्र दिइएको हो । भोजपुरको साल्पासिलिछो गाउँपालिका-६ उनको स्थायी बासस्थान रहेको छ ।

नागरिकता नहुँदा समस्यामा रहेकी सुकमायालाई नागरिकता प्रदान गरेपछि राज्यले दिने सेवासुविधा लिन सहज भएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए ।

# सप्तमाई गुरूकुललाई खाद्यान्न सहयोग

**इलाम, माघ १५।** वैदिक सनातन धर्मको संरक्षण, संवर्द्धन तथा निरन्तरतामा समर्पित संस्था वैदिक सनातन धर्म संरक्षण समिति नेपालले इलाम नगरपालिका-५ मा अवस्थित सप्तमाई गुरुकुलमा अध्ययनरत बटुकहरूका लागि करिब दुई लाख बराबरको खाद्यान्न सामग्री सहयोग स्वरूप हस्तान्तरण गरेको छ ।

गुरुकुलमा आवासीय रूपमा अध्ययनरत करिब ७० जना वटुकहरूको दैनिक भोजन व्यवस्थापनलाई सहज बनाउने उद्देश्यले उक्त खाद्यान्न सहयोग गरिएको संस्थाका केन्द्रीय अध्यक्ष रामप्रसाद ओझाले जानकारी दिए । उनका अनुसार वैदिक सनातन परम्पराको संरक्षण र निरन्तरतामा गुरुकुलहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेकोले वटुकहरूको पालन-पोषण तथा भोजन व्यवस्थापन संस्थाको प्राथमिक चासोको विषय बनेको छ ।

वैदिक सनातन धर्म संरक्षण समिति इलाम जिल्ला समितिको विशेष अनुरोधमा केन्द्रीय समितिले झापा र मोरङ जिल्लाका गुरु तथा धर्मप्रेमीहरूसँग समन्वय गर्दै खाद्यान्न संकलन प्रक्रिया अघि बढाएको इलाम जिल्ला अध्यक्ष कृष्ण घिमिरेले बताए ।

संस्थाका केन्द्रीय महासचिव खगेन्द्र निरौलाका अनुसार उक्त खाद्यान्न सामग्री मोरङ र झापा जिल्लाका पथरी नगरपालिका, उर्लाबारी नगरपालिका, दमक, अर्जुनधारा, गौरादह, कमल गाउँपालिका, बाह्रदशी, कचनकवल, बुद्धशान्ति लगायतका विभिन्न स्थानबाट संकलन गरिएको हो ।

गत दुई वर्षदेखि सक्रिय रहँदै आएको वैदिक सनातन धर्म संरक्षण समिति नेपाल गुरु, पण्डित तथा पुरोहितहरूको साझा संस्था हो । संस्थाले वेद, गौ र गुरुहरूको हकहित तथा संरक्षणका लागि विभिन्न धार्मिक, सामाजिक तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

जिल्ला उपाध्यक्ष विष्णु भट्टराईका अनुसार आयोजित एक विशेष कार्यक्रममा केन्द्रीय अध्यक्ष रामप्रसाद ओझा लगायत जिल्ला समितिका पदाधिकारीहरूले सप्तमाई गुरुकुललाई औपचारिक रूपमा खाद्यान्न सामग्री हस्तान्तरण गरेका हुन् ।

# कमला माविको वार्षिक उत्सव



**कमल, माघ १५।** कमल गाउँपालिका-२ स्थित कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालयको ६३औं वार्षिक उत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ ।

विद्यालयको ६३औं वार्षिक उत्सव तथा अभिभावक दिवसको उद्घाटन कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले गरेका थिए । कार्यक्रममा अध्यक्ष राईले विद्यालयको उन्नतीको कामना गर्दै विद्यालयमा अध्ययनरत विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयको भौतिक पूर्वाधार निर्मामा समेत पालिकाले सक्दो सहयोग गर्दै आएको र आगामी दिनमा समेत सहयोग गर्ने बताए ।

त्यसैगरी गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, पूर्व शिक्षक बन्धुकुमार निरौला लगायतले विद्यालयको थप उन्नतीका साथै कार्यक्रम सफलताको शुभकमना दिएका थिए । विद्यालयका प्रधानाध्यापक हिमप्रसाद दाहालले विद्यालयको तर्फबाट तयार पारिएको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

विद्यालयले वार्षिक उत्सव तथा अभिभावक दिवसको अवसर पारेर शिक्षक तथा विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरेको थियो । सम्मानित तथा पुरस्कृत हुनेहरुमा कमल गाउँपालिका-२ नम्बर वडाद्वारा उत्कृष्ट शिक्षक दोप्रसाद लिम्बूलाई नगदसहित सम्मान गरिएको थियो भने विद्यालयको तर्फबाट अनिल श्रेष्ठ र रङ्गनाथ गौतमलाई पुरस्कृत गरिएको विद्यालयका शिक्षक दुर्गा पराजुलीले बताए ।

त्यसैगरी वार्षिक उत्सवका अवसरमा वर्ष उत्कृष्ट विद्यार्थीतर्फ शैक्षिक सत्र २०८१ सालमा कक्षा १२ उत्तीर्ण छात्र राहुल राजवंशीलाई नगदद्वारा पुरस्कृत गरिएको थियो ।

त्यसैगरी स्व. नेत्रबहादुर श्रेष्ठ कोषबाट २०८१ सालको एसइई परीक्षामा उत्कृष्ट जिपिए ल्याउने खेममणी अधिकारी, जसमिन धिमाल, मलिन इङ्गनाम र रश्मिका पौडेल, स्व. सोमनाथ रेग्मी छात्रवृत्ति कोषका कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने उमेश ढकाल र अनिषा गजमेर तथा श्रीमाया लिङ्देन स्मृति कोषबाट सञ्जराज विश्वकर्मा र विवेक अधिकारी समेतलाई नगदद्वारा पुरस्कृत गरिएको विद्यालयले जनाएको छ ।

त्यस्तै तोपगाछी धरमपुरमैत्री समाज काठमाडौंका तर्फबाट २०८१ सालको एसइईमा उत्कृष्ट नतिजा ल्याई कक्षा ११ मा अध्ययनरत् मलिन इङ्नाम, सुष्मिता विक, राजु बस्नेत र यशोदा ढकाललाई छात्रवृत्ति बापत नगद १० हजार रुपैयाँ प्रदान गरिएको मैत्री समाज सचिव यज्ञप्रसाद न्यौपानेले बताए ।

साथै वार्षिक उत्सवका अवसरमा विद्यालयले आयोजना गरेको विभिन्न अतिरिक्त क्रियाकलाप उत्कृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष होमबहादुर बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका पूर्व प्रधानाध्यापक तथा शिक्षक, पूर्व विद्यार्थी समाजका अध्यक्ष नरेन्द्र दंगाल, सचिव विष्णु दाहाल र सदस्य दिपा दाहाल लगायतको उपस्थिती रहेको थियो । कार्यक्रममा सहप्रधानाध्यापक ईश्वरीप्रसाद दहालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत गरेका थिए ।

# बिर्तामोडमा फिनल्यान्डको एजेन्ट मिट एण्ड ग्रिट कार्यक्रम



**बिर्तामोड, माघ १५।** फिनल्यान्डको उच्च शिक्षाले नेपाली विद्यार्थीहरूलाई ठूलो अवसर प्रदान गरिरहेको भन्दै झापाको बिर्तामोडमा एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाको आयोजना तथा आईडीबी ग्लोबलको सहकार्यमा भएको एजेन्ट मिट एण्ड ग्रिट कार्यक्रममा फिनल्याण्डका विश्वविद्यालयको बारेमा जानकारी दिइएको थियो । फिनल्याण्डमा विद्यार्थीका लागि छात्रवृत्ति, जागिरको अवसर, वर्क भिसा, डिपेन्डेन्ट सुविधा, पीआर प्राप्ति लगायत विषयमा युनिभर्सिटी अफ भाषाका दक्षिण एसिया रिजनल एडभाईजर बिर्जु पट्टेलले जानकारी गराएका थिए ।

उनले पछिल्ला केही वर्षमा फिनल्यान्ड नेपाली विद्यार्थीका लागि आकस्मिक रूपमा लोकप्रिय गन्तव्य बनेको बताए । पछिल्लो समय विद्यार्थीका लागि फिनल्यान्ड एउटा विकल्प बनेर आएको भन्दै पट्टेलले शान्त, सफा, सुरक्षित, पढाइ राम्रो भएको उल्लेख गरे ।

शैक्षिक पृष्ठभूमि जस्तोसुकै भए पनि भिसा पाइने सम्भावना, तुलनात्मक रूपमा कमाएर तिर्न सकिने कलेज शुल्क र डिपेन्डेन्ट ल्याउन पाउने व्यवस्था मुख्य आकर्षण भएको उनले जानकारी दिए ।

पछिल्लो समय झापाबाट समेत धेरै विद्यार्थीले फिनल्याण्डका विश्वविद्यालयका बारेमा जिज्ञासा राख्ने गरेकोले यो कार्यक्रम उपलब्धिमूलक बनेको बताए ।

नेपालबाट फिनल्यान्डमा विशेष गरेर व्यवहारिक र प्रयोगात्मक सिपमूलक शिक्षा आर्जन गर्न जाने प्रचलन छ । स्नातकोत्तर तहका केही विषयमा अध्ययन गर्न विश्वविद्यालयमा पनि विद्यार्थी जाने गरेका छन् । फिनल्यान्डमा अंग्रेजी भाषा परीक्षामा राम्रो अंक ल्याएका विद्यार्थीले सहज रुपमा भर्ना पाएको नेपाल शैक्षिक परामर्श संघ झापाका तालिम विभाग प्रमुख नबीन बोहोराले जानकारी दिए ।

कार्यक्रममा आईडीबी ग्लोबल प्रमुख इश्वर घिमिरेले फिनल्याण्डका विश्वविद्यालय, विद्यार्थीले अध्ययन गर्न पाउने विषयका साथै नेपालबाट गरिने प्रक्रियाका विषयमा जानकारी दिएका थिए । उनले फिनलण्डको शैक्षिक अवस्था र कानुनका विषयमा समेत जानकारी गराएका थिए ।

इक्यान झापाका उपाध्यक्ष अशोक भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथी युनिभर्सिटी अफ भाषाका दक्षिण एसिया रिजनल एडभाईजर बिर्जु पट्टेल, इक्यान झापाका निर्वतमान अध्यक्ष रोशन सुवेदी, आईडीबी ग्लोबल प्रमुख ईश्वर घिमिरे, इक्यान झापाका कोषाध्यक्ष तुलसी पाठक लगायतको आतिथ्य रहेको थियो । स्वागतसहित कार्यक्रमको सञ्चालन तालिम विभाग प्रमुख बोहोराले गरेका थिए ।

# ‘राष्ट्रियता, लोकतन्त्र र समाजवाद जोगाउन कांग्रेस मियो’

**बिर्तामोड, माघ १५।** नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार सरिता प्रसाईंले राष्ट्रियता, लोकतन्त्र र समाजवाद जोगाउन कांग्रेसले मियोको रुपमा उभिनुपर्ने आवश्यकता औंल्याउँदै संसदमा बहुमत प्राप्त दल बनाउने कार्यमा भूमिका खेल्न कार्यकर्ता र आम मतदातामा अपिल गरेकी छन् ।

नेपाली कांग्रेस अर्जुनधारा-६ नम्बर वडा समितिको आयोजनामा जिल्ला पार्टी कार्यालयमा सम्पन्न क्रियाशील कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै नेता प्रसाईले यस्तो धारणा राखेकी हुन् । नेपालमा अन्तर्राष्ट्रिय हस्तक्षेप बढेकोतर्फ संकेत गर्दै उनले देश अफठ्यारोमा परेको बेला कांग्रेसले नेतृत्व लिएर बचाएको विगतको इतिहास प्रस्तुत गर्दै अब पनि कांग्रेसले नेतृत्व लिएर मध्यमार्गी बाटोबाट समाधान खोज्नुपर्ने बताइन् । यसका लागि आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई बनाइदिन पनि उनले आम मतदातालाई आह्वान गरिन् ।



अधिवेशनताका टिम राजनीति स्वभाविक भएको तर्क गर्दै उनले विशेष महाधिवेशनपछि सबै नेतृत्वहरु एक ठाउँमा आइसकेकाले चुनावी गतिविधिमा एक ढिक्का हुन कार्यकर्तालाई आग्रह गरिन् । कार्यक्रममा समानुपातिक उम्मेदवार एवम् कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटीले जेन-जी पुस्ताले चाहेको परिवर्तनको सम्बोधन पार्टीले गरिसकेको बताउँदै अब कांग्रेसलाई बहुमत दिन आम मतदातामा आग्रह गरिन् ।


संगठनको बल वडा र टोलमा हुने र जरामा पानी हालेमात्रै रुख हरियो-बलियो हुने बताउँदै नेतृ शिवाकोटीले वडा, टोल, भ्रातृ एवम् शुभेच्छुक संघ-संस्थालाई सक्रिय बनाउन जरुरी रहेको धारणा राखिन् । सामाजिक सञ्जालका कतिपय सूचनाहरु विश्वसनीय नहुने बताउँदै उनले झुटो प्रचार आए सबैलाई सचेत गराउन पनि आग्रह गरिन् ।

नेपाली कांग्रेस अर्जुनधारा नगरसमिति वडा नं. ६ का सभापति नेत्रप्रसाद विमलीको सभापतित्वमा भएको कार्यक्रमको उद्देश्य माथि नगर सभापति हेमराज खरेलले प्रकाश पारेका थिए । कार्यक्रममा महासमिति सदस्य दीपक तामाङ, महाधिवेशन प्रतिनिधि पाण्डवलाल चौधरी, क्षेत्र नं. २ प्रदेश सभा ख का सभापति किरण श्रेष्ठ लगायत क्षेत्रीय प्रतिनिधि एवम् क्रियाशील सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण टंक भण्डारीले गरेका थिए ।


**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेउ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**UPVC झ्याल ढोका**

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०


**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३


**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**UAE मा रोजगारीको अवसर**
UNited International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**DRISHTI Eye Care System** TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०९ निलकण्ठ कट्टेलको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

**तपशिल**
१. पूर्व तर्फ :- बाटो २. पश्चिम तर्फ :- श्री गोमा देवी गौतम
३. उत्तर तर्फ :- बाटो ४. दक्षिण तर्फ :- श्री रिता लामिछाने र जुनु पोखरेल

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०९ | ९०७७,९०८१ | ०-०-१७.५ | २०८२।१०।०७ | २०८२।१०।१५ |

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०९ मन्जुदेवी मगरको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ ।

**तपशिल**
१. पूर्व तर्फ :- श्री पदम पौडेल २. पश्चिम तर्फ :- श्री नूनकुमारी राई
३. उत्तर तर्फ :- बाटो ४. दक्षिण तर्फ :- श्री अशोक शर्मा

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा- ०९ | ९८८६ | ०-०-९.५ | २०८२।१०।१२ | २०८२।१०।१५ |